अनुसूची-१६

(दफा ३३ को उप-दफा (२) सँग सम्बन्धित)

# श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ६ सुन्डबरी, दाङ

अध्यक्ष

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८३।०४।२६**

श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह शान्तिनगर गाउँपालिका वडा नं. ६ सुन्डबरी, दाङको आ.व. २०८२/८३ मा स्वीकृत वन व्यवस्थापन कार्ययोजना अनुसार उत्पादित शान्तिनगर गाउँपालिका वडा नं. ६ सुन्डबरी, दाङमा घाटगद्दी गरी राखिएको निम्न लटको तपसिलमा उल्लेखित परिमाणको वन पैदावार जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक वन पैदावारमा आबद्ध संघ/संस्था, फर्म वा कम्पनीले यो सूचना नयाँ युगबोध राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईसौं) दिनभित्र खरिद गरी २२ (बाईसौं) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

**तपसिल**

| वन पैदावारको विवरण | | | | | | न्यूनतम | | संकलन खर्च |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | जात | किसिम | ग्रेड | थान | परिमाण (क्यू.फि.) | दररेट | मूल्य रु. | |
| १ | सिसौं (वृक्षरोपण) | गोलिया | A | २७ | २२९.९१ | ७०० | १६०९३७ | ११४६०९ |
| | | | B | १०९ | ३५७.८३ | ५०० | १७८९१५ | |
| | जम्मा | | | १३६ | ५८७.७४ | | ३३९८५२ | |
| नोटः- गोलिया काठको संकलन खर्च प्रति क्यू.फि. रु. १९५।- | | | | | | | | |

१. बोलपत्र खरिद गर्नुपर्ने अन्तिम मितिः २०८३।०५।१५ गते ।

२. बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः २०८३।०५।१६ (ख) समय १२:०० बजे सम्म ।

३. बोलपत्र साथ कबोल गरेको रकम को १०% ले हुन आउने रकम बोलपत्र खरिद गरेको यस सामुदायिक वन उपभोक्ता समूहको राष्ट्रिय बाणिज्य बैंक लिमिटेड तुलसीपुर, दाङ शाखामा रहेको खाता नं. ४१६०१०००२०१४९०१० मा नगद जम्मा गरेको सक्कल भौचर वा ६ महिना अवधि रहेको बैंक ग्यारेण्टी समावेश हुनुपर्नेछ ।

४. बोलपत्र फारम न्यूनतम मूल्य १० (दश) लाखभन्दा कम भएको खण्डमा प्रति लटको रु. १,०००।- र बढी भएको खण्डमा प्रति लटको रु. २,०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालय र डिभिजन वन कार्यालय दाङ (दाङ), घोराहीबाट खरिद गरी यस वन उपभोक्ता समूहको कार्यालयमा दाखिला गर्न सकिनेछ।

५. लिलाम बढाबढ हुने वनपैदावार कार्यालय खुलेको समय भित्र यस चौतारी सामुदायिक वन उपभोक्ता समूहको शान्तिनगर गाउँपालिका वडा नं. ६ गौरीडाँडा, दाङमा रहेको घाटगद्दी स्थलमा गई हेर्न सकिनेछ ।

६. लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मका प्रोप्राइटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र मूल्य अभिबृद्दी कर दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको

निमप्रसाद ज्ञवाली
अध्यक्ष

प्रतिलिपि, डिभिजन वन कार्यालयमा फर्म सूचीकृत भएको प्रमाणपत्रको प्रतिलिपि लगाएका आवश्यक कागजातहरु बोलपत्र साथ पेश गर्नुपर्नेछ ।

७. निर्धारित न्यूनतम संख्याका र रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।१६ गते वा सो दिन सार्वजनिक बिदा परेको खण्डमा सो को भोलिपल्ट यस समूहको कार्यालयमा दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिनेछ।

८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मूल्य अभिवृद्धि कर, अग्रिम आयकर, सङ्कलन खर्च लगायतका सम्पूर्ण रकम छुट्टै बुझाइ लिलाममा चढाएको वनपैदावार तोकिएको अवधिभित्र उठाइ लैजानु पर्नेछ ।

९. बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षरमा दुबैमा लेख्नुपर्नेछ । अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिइनेछ ।

१०. बोलपत्र फाराममा सामुदायिक वन उपभोक्ता समूहको प्रष्ट छाप लागेको र समूहको अध्यक्षको दस्तखत भएको हुनु पर्नेछ । प्रतिलिपि, समूहको छाप नलागेको र समूहको दस्तखत नभएको मान्य हुने छैन ।

११. बोलपत्र सदर वा बदर गर्ने सम्पूर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१२. अन्य विस्तृत कुरा बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।



**कुलोमा प्लाष्टिकका बोतल** : घोराही उपमहानगरपालिका-१५ चन्द्रसुर्य टोलमा रहेको सिंचाई कुलोमा थुप्रिएका प्लाष्टिकका बोतल । बजार क्षेत्रबाट बगेर आउने प्लाष्टिकजन्य फोहोरसँगै विभिन्न हानिकारक वस्तुहरु सिंचाई कुलो हुँदै किसानको खेतवारीमा पुग्न थालेको छ ।

*तस्विर : जे.एन.सागर*

सिसहनियाँ उद्योग वाणिज्य संघको स्थापना दिवस

# अस्पताललाई ५० हजारको औषधि सहयोग

**तुलबहादुर कँवर मगर**



देउखुरी, २५ साउन । सिसहनियाँ उद्योग वाणिज्य संघको १२ औं स्थापना दिवस विभिन्न कार्यक्रम गरी सोमबार सम्पन्न भएको छ ।

संघका अध्यक्ष ईश्वरीप्रसाद अधिकारीको अध्यक्षता तथा राप्ती गाउँपालिकाका अध्यक्ष प्रकाश विष्टको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा संघले राप्ती आधारभूत अस्पताल कालापानीलाई ५० हजार रुपैयाँ बराबरको विभिन्न प्रकारका औषधि सहयोग गरेको छ ।

विपन्न नागरिकको उपचारमा सहयोग पुऱ्याउने उद्देश्यले संघका अध्यक्ष अधिकारीले अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. सुशील केसीलाई औषधि हस्तान्तरण गर्नभएको हो । त्यस्तै संघले जन्मजात अपांगता भएका दुईजनालाई अपांगमैत्री कुर्सी सहयोग गरेको छ । राप्ती गाउँपालिका-५ करङ्गेकोटका खिमानन्द तिवारी र वडा नं. ८ पिपरीकी उषाबीनु चौधरीलाई उनीहरूका अभिभावकमार्फत अपांगमैत्री कुर्सी सहयोग गरेको हो ।

कार्यक्रममा राप्ती गाउँपालिकाले प्लास्टिकमुक्त राप्ती अभियानअन्तर्गत संघलाई पहिलो चरणमा १२ सय थान कपडाका झोला प्रदान गरेको छ । गाउँपालिकाका अध्यक्ष विष्टले संघका अध्यक्ष अधिकारीलाई झोला हस्तान्तरण गर्नुभयो । कार्यक्रममा अध्यक्ष विष्टले देश विकासमा निजी क्षेत्रको सहभागिता अनिवार्य रहेको बताउनुभयो । स्थानीय सरकार र निजी क्षेत्रबीच सहकार्य भए मात्रै विकासले गति लिने उहाँको भनाइ थियो ।

त्यस्तै उहाँले व्यवसायमा इमानदारी, अनुशासन र असल आचरण आवश्यक रहेको बताउँदै व्यवसायी संघले गलत आचरणलाई प्रश्रय दिन नहुने धारणा राख्नुभयो । बजारमा ग्याँसलगायत अत्यावश्यक वस्तुको अभाव हुन नदिन स्थानीय सरकारले नियमितरूपमा सूक्ष्म निगरानी गरिरहेको उहाँले जानकारी दिनुभयो । कार्यक्रममा राप्ती गाउँपालिका-५ का वडाध्यक्ष देवप्रसाद चौधरी, इलाका प्रहरी कार्यालय भालुबाङका प्रहरी निरीक्षक गोपाल न्यौपानेसहित विभिन्न राजनीतिक दल, संघ-संस्था तथा व्यवसायीका प्रतिनिधिले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । वि.सं. २०७१ साल साउन २५ गते जिल्ला प्रशासन कार्यालय दाङमा सिसहनियाँ उद्योग वाणिज्य संघका रूपमा संस्था दर्ता भएको थियो । हाल संघको कार्यक्षेत्र राप्ती गाउँपालिकाका वडा नम्बर ५, ६, ७ र ८ रहेको छ । संघमा करिब ८ सय उद्योगी तथा व्यवसायी आबद्ध छन् ।

# संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रमिक सम्बन्धी विधेयक बहुमतले स्वीकृत

**युगबोध समाचारदाता**

काठमाडौं, २५ साउन । प्रतिनिधिसभाको सोमबारको बैठकले 'संवैधानिक निकायका पदाधिकारीहरुको पारिश्रामिक, सेवाको शर्त र सुविधासम्बन्धी (पहिलो संशोधन) विधेयक, २०८३ विचार गरियोस्' भन्ने प्रस्तावलाई बहुमतले स्वीकृत गरेको छ ।

बैठकमा उक्त विधेयक प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । यसअघि छलफलमा सांसदहरु रीना उप्रेती, लीमा अधिकारी आचार्य, कृष्णहरि बुढाथोकी, गंगालक्ष्मी अवाल, जनकसिंह धामी, कालीबहादुर शाह, माधवबहादुर थापा, कमल सुवेदी, प्रमिलाकुमारी गच्छदार, पारशमणि गेलाल, पार्वती विक, निराशा चौधरी दगौरा, यशोधाकुमारी बराल, साजिदा खातुन सिद्धिकीले भाग लिदै आफ्ना धारणा, जिज्ञासा तथा सुझाव राख्नुभएको थियो ।

छलफलमा उठेका जिज्ञासामा मन्त्री गौतमले जनताले तिरेको करको सदुपयोग गर्न र दोहोरो सुविधा लिन नपाउने विषय भएको १३ आयोगका ६५ पदाधिकारी धेरैजसो पेन्सन खाने भएकाले तलब लिदा पेन्सन लिन नपाउने व्यवस्था गर्न लागेको बताउनुभयो । संवैधानिक आयोगमा नियुक्ति गर्न उपयुक्त पात्रलाई दोहोरो सुविधा लिन नपाउने भन्ने सरकारको स्पष्ट धारणा रहेको जनाउँदै काम गरेवापत पारिश्रामिक लिने तर एकद्वारा प्रणालीबाट मात्र लिने व्यवस्था गर्न खोजेको बताउनुभयो । उहाँले दफारवार छलफलमा थप सुझाव आउने भएकाले अझ वृहत छलफल हुने विश्वास गर्नुभयो ।

## अस्पतालमा....

लमही अस्पतालमा दैनिक करिब १ सय ५० देखि २ सय जनासम्म बिरामी ओपिडीमा आउने गरेका छन् । भाइरल ज्वरोका लक्षण देखिए पनि कतिपय बिरामीको प्रयोगशाला परीक्षणमा स्पष्ट कारण नदेखिने अवस्था रहेको डा. चौधरीले बताउनुभयो । मौसम परिवर्तनका कारण भाइरल संक्रमण बढेको र एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने सम्भावना बढी हुने भएकाले सावधानी अपनाउनुपर्ने उहाँको भनाइ छ । चिकित्सकहरूले वर्षायाममा पानी तथा खानपानमा विशेष ध्यान दिन, व्यक्तिगत सरसफाइ कायम राख्न, भीडभाडमा मास्कको प्रयोग गर्न र पर्याप्त आराम गर्न सुझाव दिएका छन् । ज्वरो, रुघाखोकी, श्वासप्रश्वासमा समस्या, झाडापखाला वा अन्य स्वास्थ्य समस्या देखिएमा समयमै स्वास्थ्य संस्थामा पुगेर जाँच गराउन चिकित्सकहरूले आग्रह गरेका छन् । मौसमी संक्रमण सामान्य भए पनि लापरवाही गर्दा समस्या जटिल बन्न सक्ने भएकाले विशेषगरी बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीले स्वास्थ्यमा बढी सावधानी अपनाउनुपर्ने चिकित्सकहरूको सुझाव छ ।

## लमहीमा....

ग्याँस लुकाएर राखेको गुनासो आएपछि प्रशासनले अनुगमन थालेको जनाएको छ । अनुगमनका क्रममा फेला परेका नौवटा ग्याँस सिलिन्डर आवश्यक परेका उपभोक्तालाई तत्कालै वितरण गरिएको इलाका प्रशासन कार्यालय लमहीका नायब सुब्बा दिलीप खड्काले जानकारी दिनुभयो । कार्यालयका निमित्त प्रमुख ईश्वरी भारतीको नेतृत्वमा अनुगमन टोली खटिएको थियो । ग्याँस नपाएर समस्यामा परेका उपभोक्ताले अनुगमन टोलीले स्टकमा राखिएको ग्याँस उपभोक्तालाई नै वितरण गरेपछि राहत महसुस गरेका छन् । बजारमा ग्याँसको अभाव देखिएपछि उपभोक्ताहरू सिलिन्डरका लागि विभिन्न पसल तथा डिलरमा पुग्ने गरेका छन् ।

प्रशासनले बजारमा ग्याँसको कृत्रिम अभाव सिर्जना गर्ने, बिक्री नगरी स्टक राख्ने वा उपभोक्तालाई अनावश्यक रूपमा दुःख दिने गतिविधिमाथि निगरानी बढाएको जनाएको छ । ग्याँसको आपूर्ति र वितरण प्रणालीलाई सहज बनाउन अनुगमनलाई निरन्तरता दिइने इलाका प्रशासन कार्यालय लमहीले जनाएको छ ।

## चार....

उहाँले भन्नुभयो । यी विभिन्न स्रोतबाट रकम संकलन भएपछि कम्तिमा प्रत्येक छ महिनामा रु. एक अर्बभन्दा बढी संकलन भएको अवस्थामा सम्बन्धित बचतकर्तालाई दामासाहीका आधारमा वितरण गर्ने समितिको योजना छ । तर यसका लागि हालको कानुनी र कार्यविधिगत व्यवस्थामा सुधार आवश्यक भएको समितिको भनाइ छ । समितिका अनुसार कान्तिपुर, गोर्खा र प्यासिफिक सहकारीका केही बचतकर्तालाई पनि विगतमा रोकिएको रकम क्रमशः वितरण भइरहेको छ । कान्तिपुरका बचतकर्तालाई रु. २५ हजार, गोर्खा बचतका बचतकर्तालाई रु. १७ हजार तथा प्यासिफिकका बचतकर्तालाई रु. १२ हजार ६०० का दरले रकम वितरण भइरहेको हो ।

## गोदाममा....

सबैभन्दा लामो लाइन नेपाली सेना व्यारेक रोडको आशिका सप्लायर्समा थियो । केहीबेरपछि ग्याँस आउँछ भनिएको थियो । लाइन बसे अनुसार पालैसित वितरण गर्ने भन्दै प्रहरीले पनि व्यवस्थापनमा सहयोग गरिरहेको थियो । ग्याँस आइपुगेपछि भित्र नलगेर बाहिरैबाट वितरण गरिने उहाँले जानकारी दिनुभयो । त्यहाँ विहानैदेखि पर्खिएको उपभोक्ताले बताएका थिए । उपभोक्ताहरु विगत एक महिनादेखि ग्याँस पाएको छैन भनेर कराइरहेका थिए ।

यसैगरी सनसिटी ग्याँसमा पनि लामै लाइन थियो । सञ्चालकले ग्याँस आउँदैन फर्किनुस् भनेर अनुरोध गरे पनि उपभोक्ताले मानेनन् । अन्तमा ग्याँसको सिलिण्डरको लाइन अनुसार टोकन दिने सहमति भयो । पालोको नम्बर अनुसारको टोकन लगेर फर्किएका छन् । ग्याँस मंगलबार बिहान आउने र त्यही टोकन अनुसार दिने सहमति भएको छ ।

यसैगरी जिल्ला प्रशासन कार्यालय दाङका नायव सुब्बा भुपेन्द्र सिंह थापा नेतृत्वको टोलीले नारायणपुर बजारका ग्याँस पसलहरुमा अनुगमन गरेको छ । त्यो टोलीले घोराही-१५ को गणेश सप्लायर्स, न्यू किरण टेडर्स, उषा सप्लायर्समा अनुगमन गरेको छ । यसैगरी घोराही-१० को केसी ग्याँस सप्लायर्स, त्रिशुल ग्याँस सप्लायर्स र नारायणपुर जनरल स्टोरमा अनुगमन गरेको थियो । त्यस क्रममा कुनै कैफियत फेला नपरेको अनुगमन टोलीले जनाएको छ ।

**वितरण प्रणालीले झन दुःख दियो : व्यवसायी**

'एकै घरमा ११ वटा सिलिन्डर गयो'- दाङ जिल्ला उद्योग वाणिज्य संघका निवर्तमान वरिष्ठ उपाध्यक्ष एवं कमल एण्ड सन्सका सञ्चालक नरेश कार्कीले भन्नुभयो- 'वितरणमा हस्तक्षेप नगरिदिए हुन्थ्यो ।' उहाँका अनुसार डिलरले आफ्ना ग्राहकलाई आवश्यकताका आधारमा ग्याँस दिन पाएनन् । परिवारै लाइन बसेर पनि लैजाने भए । छर छिमेकको कसैलाई ल्याएर नि लाइन लागेपछि ग्याँस पाउने अवस्था आयो । व्यवसायीका अनुसार अशक्त, अपांगता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लाइनमा बस्न नभ्याउनेले ग्याँस नपाउने अवस्था आयो । हुलमा कुन परिवारको को हो भनेर छुट्याउन सकिदैन । जो आउँछ उसैले पाउँछ । यसरी वितरण गर्ने हो भने बलियाले मात्रै खान पाउने हुन्छ । यसमा सहजताका लागि प्रशासनले हस्तक्षेप नगरेर सहयोग गर्नुपर्छ ।

सबै ग्याँस व्यवसायीको एउटै प्रश्न थियो- 'यत्रो खाली सिलिण्डर कहाँबाट आयो ?' उनीहरु भन्दै थिए- 'ग्याँस आएकै छ, गएकै छ तर खाली सिलिन्डर पनि ल्याएकै छन्, यो के कारण हो ?' उनीहरुले खाली सिलिण्डर यति धेरै आउनुको कारण बुझ्न पनि आग्रह गरे । सोचेको भन्दा धेरै खाली सिलिन्डर आएको सबैजसो व्यवसायीको एकमत थियो । पटक-पटक छापा मार्न व्यवसायीले आग्रह गरेका थिए । ग्याँसको डिलर बाहेक अन्त कतैबाट ग्याँस पाइएको भेटिए छानबिन गर्न पनि उनीहरुको सुझाव थियो ।

कुनै पनि पसलमा भरी सिलिन्डर नभेटिएको वडा प्रहरी कार्यालय घोराहीका प्रमुख नवराज बहादुर शाहीले जानकारी दिनुभयो । उहाँका अनुसार व्यवसायीलाई आफ्नो पसलमा भएका खाली सिलिन्डरको विवरण राख्न भनिएको छ । वितरण गर्दा प्रहरीले सहजीकरण गरिरहेको छ । लाइनमा बसेको बेला ग्याँसको गाडी आउने र बाहिरैबाट वितरण गर्ने व्यवस्था मिलाइएको छ । कसैले पनि लुकाएको फेला परेको थिएन ।

## संरक्षण....

तुलसीपुरका अध्यक्ष खेमलाल महतराको अध्यक्षतामा भएको कार्यक्रममा फेकोफन जिल्ला सचिव भुपबहादुर केसी, ग्रीन फाउन्डेसन नेपालका सुरेशकुमार रावत, वन अधिकृत खिम केसी, पूर्व वन अधिकृत कमल पुन, आन्तरिक राजस्व कार्यालयका सूचना अधिकारी उपेन्द्रबहादुर पुनलगायतले बोल्नुभएको थियो । कार्यक्रमको सहजीकरण सचिव रक्षा काफ्लेले गर्नुभएको थियो ।

**दंगीशरणमा वृक्षारोपण**

'अबको सामुदायिक वन : युवा सहभागिता, हरित अर्थतन्त्र र दिगो व्यवस्थापन' भन्ने मूल नाराका साथ सामुदायिक वन दिवस-२०८३ को अवसरमा दंगीशरण गाउँपालिकामा फलफूल तथा जडीबुटीको वृक्षारोपण गरिएको छ । तिलगंगा सामुदायिक वनका अध्यक्ष झरेन्द्र केसीको अध्यक्षता एवं बागमती प्रदेशसभा सदस्य भारती पाठकको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । सो अवसरमा बोल्दै प्रमुख अतिथि पाठकले सामुदायिक वनको संरक्षणसँगै यसको दिगो उपयोगमार्फत स्थानीय समुदायको आर्थिक अवस्था सुधार गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वन संरक्षणमा युवाको अर्थपूर्ण सहभागिता बढाउँदै वनलाई रोजगारी, उद्यमशीलता र हरित अर्थतन्त्रसँग जोड्नुपर्ने धारणा राख्नुभयो ।

कार्यक्रममा विशिष्ट अतिथि ग्रीन फाउन्डेसन नेपालका अध्यक्ष घनश्याम पाण्डेले वनबाटै आम्दानी गर्न सकिने उल्लेख गर्दै युवालाई वनमा आधारित उद्यमतर्फ आकर्षित गर्नुपर्नेमा जोड दिनुभयो । स्थानीय वन महासंघ दंगीशरणका अध्यक्ष शोभाकर न्यौपानेको स्वागत मन्तव्यबाट शुरू भएको कार्यक्रमको सहजीकरण ग्रीन फाउन्डेसनका उद्यम सहजकर्ता गणेश भण्डारीले गर्नुभएको थियो । कार्यक्रम तिलगंगा सामुदायिक वन उपभोक्ता समूहको आयोजना तथा ग्रीन इन्टिलिजेन्स र ग्रीन फाउन्डेसन नेपालको समन्वय तथा स्थानीय वन महासंघ दंगीशरणको आयोजमा सम्पन्न भएको थियो ।

# लुम्बिनीमा आरोग्य पर्यटन प्रवर्द्धन अभियान

**युगबोध समाचारदाता**

बुटवल, २५ साउन । लुम्बिनी प्रदेशमा धार्मिक पर्यटनसँगै आरोग्य पर्यटन प्रवर्द्धन अभियान शुरु भएको छ । बुद्ध जन्मस्थल भ्रमण गर्ने स्वदेशी तथा विदेशी पर्यटकको बसाइ लम्ब्याउने उद्देश्यले आरोग्य अभियान थालिएको हो ।

निजी क्षेत्रको ट्रान्क्विलिटी स्पाले लुम्बिनीलाई केन्द्रमा राखेर हालै भैरहवामा पर्यटन व्यवसायीसँग अभियानबारे छलफल गरेको छ । स्पाका लुम्बिनी प्रदेश क्षेत्रीय निर्देशक नवीन थापाले आरोग्य पर्यटनसम्बन्धी 'प्याकेज'बारे जानकारी दिदै योग, ध्यान, मसाज, हाइड्रोथेरापी, स्टिम बाथ, बडी स्क्रब, फिटनेस तथा अन्य आरोग्य सेवाका विशेषताबारे बताउनुभयो ।

लुम्बिनी प्रदेश होटल एसोसिएसनका अध्यक्ष चन्द्रप्रकाश श्रेष्ठले अब आरोग्य पर्यटनको बजारीकरणमा लाग्नुपर्नेमा जोड दिनुभयो । नेपाल एसोसिएसन अफ ट्राभल एजेन्सिज (नाटा) का सदस्य चन्द्र थापाले आरोग्य पर्यटनलाई नियमित पर्यटकीय प्याकेजसँग जोड्न सके नेपालमा पर्यटकको बसाइ बढाउन सकिने बताउनुभयो ।


## नेसनल बाथरोग सेन्टर

(प्रधान कार्यालय काठमाडौंको व्यवस्थापनमा सञ्चालित)

## कान्तिपुर आर्थ्राइटिस एण्ड रूमाटिजम प्रा.लि.

तुलसीपुर-५, 'क' लाईन वि.पि. चोक, दाङ

फोन नं.: ०८२-५२०१०३, ९८५७८८०१०३

**हाम्रा सेवाहरू:**



- नशा तथा बाथरोग सम्बन्धी विशेषज्ञ सेवा ।
- स्त्री तथा प्रसुती रोग सम्बन्धी जाँच तथा उपचार सेवा ।
- प्रेसर, सुगर, थाईराइड, छातीरोग, मुटुरोग, मृगौला, कलेजो, निमोनिया, टाईफाईड एवं पाचन प्रणाली सम्बन्धी विशेषज्ञ सेवा ।
- बिहान ७ बजेदेखि बेलुकी ७ बजेसम्म दैनिक ओ.पी.डि. सेवा ।
- नाक, कान तथा घाटी रोग सम्बन्धी विशेषज्ञ सेवा ।
- नवजात शिशु तथा बालरोग विशेषज्ञ सेवा ।
- शरीरमा हुने विभिन्न नसा तथा बाथरोगहरु अत्याधुनिक मेसिनद्वारा परीक्षण गरिने ।
- अल्ट्रासाउण्ड (2D, 3D, 4D) रंगीन भिडियो एक्स-रे र सादा X-RAY सेवा । ल्यावः रगत, दिसा, पिसाब, (Culture): अटो एनालाइजर मेसिनद्वारा बायो केमिकल टेष्ट ADA, HbA1c PT/INR, THYROID FUNCTION TEST: कुल्टर काउण्ट ।
- मेशिनद्वारा हेमाटोलोजी टेष्ट ।
- **फार्मेसी**: स्वदेशी तथा विदेशी औषधि बिक्री वितरण गर्ने ।
- परिवार नियोजन सम्बन्धी सेवा तथा सल्लाह ।
- Whole body चेकअपको लागि विशेष छुटको व्यवस्था ।


नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय

घोराही, दाङ

## पारिवारिक विवरण सिफारिस सम्बन्धमा

**जो जससँग सम्बन्ध राख्दछ ।**

दाङ जिल्ला घोराही उपमहानगरपालिका वडा नं. ०४ बस्ने कुल बहादुर पुनले निवेदक म कुल बहादुर पुन भारतीय सेना नं. १३८४६२०६ को पेन्सनर भएको, मेरो पत्नीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्रमा निजको नामथर भिमा देवी पुन उल्लेख भएको तर मेरो भारतीय पेन्सन कागजातमा निजको नामथर भिमा कुमारी उल्लेख भई नामथर फरक परेकोले उल्लेखित नामथर फरक/फरक व्यक्तिको नभई एउटै व्यक्तिको भएकोले सोही व्यहोराको सिफारिस साथै पेन्सन प्रयोजनार्थ पारिवारिक विवरणसहितको सिफारिस गरीपाउँ भन्ने व्यहोराको निवेदन तथा घोराही उपमहानगरपालिका ०४ नं वडा कार्यालय दाङको च.नं. ११२ मिति २०८३/०४/१२ गतेको सिफारिस पत्र र जिल्ला प्रहरी कार्यालय दाङको च.नं. १७३ मिति २०८३/०४/१४ गतेको गाउँ सर्जमिन मुचुल्का समेतको आधारमा सोही व्यहोरा भारतीय पेन्सन प्रयोजनार्थ अनुरोध छ ।

**पारिवारिक विवरण तपसिल बमोजिम रहेको छः-**

| सि.नं. | नामथर | नाता | जन्म मिति (बि.सं.) | विवाह मिति | अपांगता | नोकरीको अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | कुल बहादुर पुन | पेन्सनर | २००९।०२।१५ | २०२८ साल | नभएको | – | जीवित |
| २ | भिमा देवी पुन | पत्नी | २०१२।१०।१८ | २०२८ साल | नभएको | नभएको | जीवित |
| ३ | नेत्र बहादुर पुन | जेठो छोरा | २०३७।१०।२७ | २०५७।०५।१५ | नभएको | नभएको | जीवित |
| ४ | भेग बहादुर पुन | माइलो छोरा | २०४०।०२।०८ | २०७६।१०।२१ | नभएको | नभएको | जीवित |
| ५ | राम बहादुर पुन | कान्छो छोरा | २०४४।०५।१० | २०६१।०८।१३ | नभएको | नभएको | जीवित |
| ६ | मिरा खड्का | छोरी | २०३२।१०।१८ | २०५०।१०।१७ | नभएको | नभएको | जीवित |



**प्रमुख जिल्ला अधिकारी**


## हाम्रो घोराही कक्षा १-३ को पाठ्यपुस्तक

हाम्रो घोराही कक्षा १–३ को फोर कलर रंगीन पाठ्यपुस्तक चाहिएमा स्कूल तथा विद्यार्थीहरुले सम्पर्क राख्नुहोला ।

स्टक रेडी छ ।

सम्पर्क :- क्वालिटी प्रिन्टस् प्रा.लि. देउखुरी

घोराही सम्पर्क : नयाँ युगबोधको कार्यालयसँगै शहीदगेट नेर

सम्पर्क फोन :- ९८४४९९४५६३


## श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह

शान्तिनगर गाउँपालिका वडा नं. ६ सुन्डवरी, दाङ

## गोलिया काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना !

प्रथम पटक प्रकाशन मिति : २०८३।०४।२६ गते

श्री चौतारी सामुदायिक वन उपभोक्ता समूह, शान्तिनगर गाउँपालिका वडा नं. ६ सुन्डवरी, दाङको वनबाट उत्पादन भई शान्तिनगर गाउँपालिका वडा नं. ६ गौरीडाँडा, दाङको घाटगद्दीमा लट बनाई राखिएको सिसौं प्रजातिको गोलिया थान १३६ को ५८७.७४ क्यु.फि. काठ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । काठ, दाउरामा आधारित उद्योग सञ्चालन गर्ने भनी प्रचलित कानुन वमोजिम दर्ता तथा नवीकरण भई वन नियमावली, २०७९ को नियम १२८ बमोजिम सूचीकृत उद्योगले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ औं दिनभित्र खरिद गरी २२ औं दिनभित्र र सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै भोलिपल्ट प्रत्येक लटको छुट्टाछुट्टै शिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचनापाटीमा टाँस गरिएको छ ।

**अध्यक्ष**

नयाँ युगबोध प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, संस्थापक एवं सल्लाहकार : नारायणप्रसाद शर्मा, अध्यक्ष तथा प्रबन्ध निर्देशक : प्रताप रेग्मी, सम्पादक : लक्ष्मी आचार्य, समाचार सम्पादक : जे.एन. सागर व्यवस्थापक : ऋषिराज पोखेल

मुद्रक : प्रतिभा अफसेट प्रेस, कार्यालयः घोराही दाङ, लुम्बिनी प्रदेश, नेपाल फोन : ०८२-५६००८४, ५६१३०३, ०८२-५६०९४८, शाखा कार्यालयहरुः राप्ती उपत्यका (देउखुरी)- ०८२-५९०४८५, तुलसीपुर- ५२०९४८, लमही- ९८५७८४०२४१, E-mail : yougbodh@gmail.com